**बुढानीलकण्ठ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्ड :- ६ सङ्ख्या : ४ मिति : २०८०।०५।१२

**भाग :-२**

## शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिकाको मिति २०८०।०४।२५ को बैठकले **शिक्षक बैङ्क व्यवस्थापन कार्यवधि, २०८०** स्वीकृत गरेको छ ।

### परिच्छेद-१
### परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम बुढानीलकण्ठ नगरपालिकाको **शिक्षक बैङ्क व्यवस्थापन कार्यवधि, २०८० रहेको छ ।**

(ख) यो कार्यविधि बुढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

(ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुने छ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,**

(क)

(ख) " नगरपालिका" भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ ।

(ग) "प्रमुख" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(घ) "उपप्रमुख" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "महाशाखा प्रमुख " भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाको प्रमुखलाई सम्झनुपर्छ ।

(छ) "महाशाखा प्रमुख" भन्नाले नगरपालिका शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख सम्झनुपर्छ ।

(ज) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद महाशाखा कार्यरत शिक्षा अधिकृत सम्झनुपर्छ ।

(झ) "स्रोतव्यक्ति" भन्नाले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद महाशाखा कार्यरत स्रोतव्यक्ति सम्झनुपर्छ ।

(ञ) “विद्यालय समन्वयकर्ता” भन्नाले नगरपालिका शिक्षा युवा तथा खेलकुद महाशाखाले आवश्यकताअनुसार नियुक्त गरी खटाएका विद्यालय समन्वयकर्ता सम्झनुपर्छ ।
(ट) “प्रधानाध्यापक भन्नाले” सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।
(ठ) “शिक्षक भन्नाले” सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षक पदमा नियमानुसार नियुक्त भई कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।
(ड) “शिक्षक बैङ्क” भन्नाले बुढानीलकण्ठ नगरपालिकाले नगरपालिकाभित्र अतिरिक्त शिक्षक व्यवथापनका लागि बनाएको शिक्षक बैङ्कलाई जनाउँदछ । यसले निजी स्कूलका लागि आवश्यक शिक्षक व्यवस्थापनका लागि स्रोतको रूपमा समेत रहनेछ ।

## परिच्छेद-२
## शिक्षक बैङ्क व्यवस्थापनको उद्देश्य

१. सामुदायिक विद्यालयमा आवश्यक शिक्षकको व्यवस्थापन गर्ने ।
२. सामुदायिक विद्यालयमा आंशिक शिक्षक आवश्यकताको पूर्ति गर्ने ।
३. संस्थागत विद्यालयमा आवश्यक शिक्षक व्यवस्थापनको लागि स्रोतको रूपमा कार्य गर्ने ।

## परिच्छेद-३
## शिक्षक बैङ्क व्यवस्थापन विधि

१. सामुदायिक तथा संस्थागत विद्यालयमा सिघ्र माध्यमको प्रयोग गरी शिक्षक व्यवस्थापन गरिनेछ ।
२. कम्तिमा ७ दिनको विज्ञापन गरी अन्तवार्ताको माध्यमबाट शिक्षक बैङ्कका लागि शिक्षक छनौट गर्ने ।
३. गणित, विज्ञान, लेखा, समाजशास्त्र विषयमा शिक्षण अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरूलाई पनि शिक्षक बैङ्कमा सूचकित गर्ने ।
४.कम्तिमा १८ वर्ष पूरा गरेका र ६० वर्ष ननाघेका उम्मेदवारलाई शिक्षक बैङ्कमा सूचीकृत गर्ने ।
५. शिक्षक बैङ्कमा सूचीकृत उम्मेदवारलाई विद्यालयको माग र शिक्षा, युवा तथा खेलकुद महाशाखाको अनुमतिका आधारमा अवधि तोकी सम्बन्धित विद्यालय व्यवस्थापन समितिले शिक्षक पदमा करार गर्न सक्ने ।
६.शिक्षक बैङ्कबाट गीत, संगीत, खेलकुद, योगा, अंग्रेजी, नेपाली, गणित तथा विज्ञान विषयमा खटिने शिक्षकलाई अवधि तोकी घुम्ती शिक्षकका रूपमा सञ्चालन गर्न सकिने ।
७. शिक्षक बैङ्कमा प्रकाशित योग्यताक्रमका आधारमा विद्यालयले शिक्षक करारमा प्राथमिकता दिने ।

## परिच्छेद-४

## शिक्षक बैङ्कबाट नियुक्ति गरिएका शिक्षकको पारिश्रमिक र सुविधा

१. प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तृतीय श्रेणीको शिक्षकको सुरू तलब स्केलको दामासाहीले हुन आउने रकम बराबर दैनिक रूपमा नगरपालिकाले पारिश्रमिक प्रदान गर्न सक्ने ।
२.शिक्षक बैङ्कबाट नियुक्त भएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद महाशाखाले कार्यरत विद्यालयको सहमतीवेगर अन्य आवश्यक देखिएको विद्यालयमा स्थानान्तरण गर्न सक्ने ।
३.शिक्षक बैङ्कबाट नियुक्त भएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद महाशाखाले आवश्यक पेसागत विकासको अवसर उपलब्ध गराउन सक्ने ।
४.यसरी नियुक्त शिक्षकले सार्बजनिक विदाबाहेक मनुसन विदा, सुत्केरी स्याहार विदा, सुत्केरी विदा, क्या.वि. र प.वि. पाउने छैन ।

५. यसरी नियुक्त शिक्षकले शिक्षकहरूको पेसागत सङ्घसङ्गठनमा आवद्ध हुन पाउने छैन ।

## परिच्छेद-५
## विविध

१. शिक्षक बैङ्कबाट नियुक्त गरिएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद महाशाखाले शिक्षकका रूपमा कार्यरत राखी राख्न आवश्यक नदेखेमा जुनसुकै बखत हटाउन सक्नेछ ।
२. यसरी नियुक्त गरिएको शिक्षकलाई नगरपालिकाले कार्य सम्पादन करार गरी खटाउन सक्नेछ ।
२. शिक्षक बैङ्कको सञ्चालनमा कुनै व्यवधान सिर्जना हुन आएमा नगर शिक्षा समितिको बैठकको निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।